नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरवार, काठमाडौं

# सूचना प्रविधि अधिकृत करारमा भर्नाका लागि निवेदन आव्हानको सूचना

सूचना प्रकाशन मितिः २०७७।१०।०८

यस मन्त्रालयको आर्थिक वर्ष २०७७।०७८ को गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत सूचना प्रविधि अधिकृत सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(१) बमोजिम करारमा भर्ना गर्नुपर्ने भएकोले देहाय बमोजिमका योग्यता र अनुभव पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रु.१०।- को टिकट टाँसी यस मन्त्रालयमा निवेदन पेश गर्न आव्हान गरिएको छ । निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयमा निवेदन दर्ता गराउनु पर्नेछ ।

**तपसिल**

१. आवश्यक संख्याः ३

२. आवश्यक योग्यताः

(क) उम्मेद्वारको उमेर हदः निवेदन दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको ।

(ख) न्यूनतम शैक्षिक योग्यता र तालिमः

- कम्प्यूटर/आई.टी. इञ्जिनियरिङमा कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको,
- कम्तिमा १ वर्ष कम्प्यूटर Web based application प्रोग्रामिङमा काम गरेको ।

(ग) सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाहीमा नपरेको ।

३. सेवाको किसिमः करार ।

४. काम गर्नुपर्ने स्थानः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मुकाम गरी मन्त्रालयबाट तोकिए अनुसार ।

५. समयावधिः २०७८ आषाढ मसान्तसम्म हुनेछ र आवश्यकता अनुसार मन्त्रालयले म्याद थप गर्न सक्नेछ ।

६. कार्य विवरणः मन्त्रालयले स्वीकृत गरेको कार्यशर्तनामा (Terms of Reference) र सम्झौताको शर्त अनुसार हुनेछ ।

७. छनौट आधारः प्रारम्भिक सूची, प्रस्तुतिकरण र अन्तर्वार्ता ।

८. सेवा सुविधाः निजहरुको सेवा सुविधा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ मा उल्लेख भए बमोजिम हुनेछ ।

९. पेश गर्नुपर्ने कागजातको विवरणः

- स्नातक तहको लब्धाङ्क प्रमाणपत्र तथा चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,
- बैयक्तिक विवरण (Biodata),
- कार्य अनुभव सम्बन्धी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- तालिम सम्बन्धी अनुभव भएमा सोको प्रमाणित प्रतिलिपि,
- SPSS, STATA र GIS तालिम लिएको भए सोको प्रमाणित प्रतिलिपि ।

१०. रित नपुगेका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

११. थप जानकारीको लागि ०१-४२००६३२, ९८४१६९५१८४, ९८५१०१४६७८, ९८५१२११९८२, ९८४७१०१७५८